# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, भाद्र १६ गते २०३२ साल [संख्या २१


श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको जग्गा (नाप जाँच) नियमावली २०३२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### जग्गा (नाप जाँच) नियमावली २०३२

जग्गा (नाप जाँच) ऐन २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "जग्गा (नाप जाँच) नियमावली २०३२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:–विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले जग्गा (नाप जाँच) ऐन २०१९ सम्झनुपर्छ।

(ख) "निर्देशक" भन्नाले श्री ५ को सरकार, नापी विभागका निर्देशक सम्झनुपर्छ।

(ग) "नापी अधिकृत" भन्नाले श्री ५ को सरकार, नापी विभाग अन्तर्गत सबै किसिमको जग्गाको नापी नक्शा गराउने नापी गोश्वाराका मूल अड्डा प्रमुख, प्रमुख नापी अधिकृत वा नापी अधिकृत सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "नापी टोली प्रमुख" भन्नाले नापी अधिकृत मातहतका जग्गा नाप नक्शा गराउने नापी टोलीका अड्डा प्रमुख सम्झनुपर्छ ।

(ङ) "नापी निरीक्षक" भन्नाले नापी टोली प्रमुखको अन्तर्गत रही टोलीका अमीन-हरूको काम जाँच्ने व्यक्ति सम्झनुपर्छ ।

(च) "अमीन" भन्नाले नापी टोली प्रमुखको नियन्त्रणमा रही जग्गा नाप जाँच गर्ने अमीन सम्झनुपर्छ ।

(छ) "नापी टोली" भन्नाले ऐनको दफा ३ को उप–दफा (१) बमोजिमको आदेश-द्वारा तोकिएको क्षेत्रमा गई ऐन र यस नियमावलीबमोजिम जग्गा नाप जाँच–सम्बन्धी काम गर्ने नापी गोश्वाराको स्थानीय टोली सम्झनुपर्छ ।

••• ३. जग्गा नाप जाँच गर्ने अधिकारीः– (१) ऐनको दफा ३ को उप–दफा (१) बमोजिम जग्गा नापी वा जाँच गर्ने र त्यसको क्षेत्रफल एकीन गर्ने अधिकारी सम्बन्धित नापी टोलीको अमीन हुनेछ ।

(२) ऐनको दफा (३) को उप–दफा (१) र दफा १० को उप–दफा (१) बमोजिम जग्गाको किसिम छुटचाउने अधिकारी नापी टोलीको नापी निरीक्षक हुनेछ ।

(३) उप–नियम (१) र (२) बमोजिमको काम बाहेक ऐनको दफा ३ को उप–दफा (१) बमोजिमको अन्य काम गर्ने अधिकारी नापी टोलीको प्रमुख हुनेछ ।

(४) नापी निरीक्षकले ऐनको दफा १० को उप–दफा (१) बमोजिम जग्गाको किसिम छुटचाईसकेपछि सर्वसाधारणको जानकारीको लागि अनुसूची १ घ बमोजिमको सूचना प्रकाशित गर्नु पर्नेछ ।

४. विगहा र रोपनी नपुग भएमा क्षेत्रफलको इकाई कायम गर्नेः– ऐनको दफा ४ को खण्ड (घ) बमोजिम विगहा र रोपनी नपुग भएमा देहायको तरीकाले क्षेत्रफलको इकाई कायम गरिनेछः–

(१) विगहा नपुग हुन आएमा एक विगहाको बीस खण्डको एक खण्डलाई एक कट्ठा, एक कट्ठाको बीस खण्डको एक खण्डलाई एक धुर, एक धुरको चार खण्डको एक खण्डलाई एक कनुवाको दरले हिसाब गर्ने र आधा कनुवा वा सोभन्दा बढीलाई एक कनुवा मानिने छ र आधा कनुवाभन्दा कमको हिसाब गरिने छैन ।

(२) रोपनी नपुग हुन आएमा एक रोपनीको सोह्र खण्डको एक खण्डलाई एक आना, एक आनाको चार खण्डलाई एक पैसा र एक पैसाको चार खण्डको एक खण्डलाई एक दामको दरले हिसाब गर्ने र आधा दाम वा सोभन्दा बढीलाई एक दाम मानिनेछ र आधा दाम–भन्दा कमको हिसाब गरिनेछैन ।

••• ५. पञ्चायत वा पञ्चायत वडाको सीमाना छुटचाउनेः– (१) ऐनको दफा ५ बमोजिम कुनै पञ्चायत वा पञ्चायत वडाको सीमाना छुटचाउनु परेमा नापी टोली प्रमुखले त्यसरी सीमाना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुटयाउन लागेको र तोकिएको दिनमा पञ्चायतको प्रतिनिधि उपस्थित हुन पर्ने कुराको सूचना नापी टोली मुकाममा टांसी त्यस्को एक प्रति सक्कल जानकारीको लागि सम्बन्धित पञ्चायतमा पठाउनुपर्छ ।

(२) उप–नियम (१) बमोजिम उपस्थित हुन आएको पञ्चायतका प्रतिनिधिले देखाए-बमोजिम नापी टोली प्रमुखले पञ्चायत वा पञ्चायत वडाको सीमाना छुटयाउनेछ ।

तरः–

(क) ऐनको दफा ६ को उप–दफा (७) बमोजिम दुइ वा दुइभन्दा बढी पञ्चायत वा वडाको सीमानाको सम्बन्धमा झगडा परेमा पञ्चायतको हकमा जिल्ला पञ्चायतको निर्णयबमोजिम र वडाको हकमा गाउँ वा नगर पञ्चायतको निर्णय-बमोजिम सीमाना छुटयाउनुपर्छ र यस्तो निर्णय जिल्ला पञ्चायत वा सम्बन्धित गाउँ वा नगर पञ्चायतले खिचोला परेको पन्ध्र दिनभित्र गरी सक्नु पर्छ ।

(ख) पञ्चायत वा पञ्चायत वडाको सीमानासम्बन्धी झगडाको निर्णय खण्ड (क) बमोजिमको म्यादभित्र हुन नसकेमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला पञ्चायतको प्रतिनिधि र नापी अधिकृत भएको समितिमा पेश गरी निर्णय गराउनुपर्छ र निर्णय नभएसम्म पछि उक्त निर्णयानुसार हुने गरी विवादग्रस्त क्षेत्रको छुट्टै अस्थायी नम्बर दिई नाप नक्शा गर्नु पर्छ ।

६. सूचना दिई जग्गा नापी गर्नेः– (१) नियम ५ बमोजिम पञ्चायत वा पञ्चायत वडाको सीमाना छुटयाइसकेपछि नापी टोली प्रमुखले ऐनको दफा ६ को उप–दफा (१) बमोजिमको जग्गा नाप जाँच गरिने कुराको सूचना अनुसूची १ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिमको सूचनाद्वारा जग्गा नाप जाँच गर्ने तोकिएको दिनमा आफ्नो हक भोगको प्रमाणसाथ जग्गावाला वा निजको प्रतिनिधि, मोही, संधियार र त्यस पञ्चायतभित्र पर्ने जग्गाको स्रेस्ता लिई जमीनदार, पटवारी तथा पञ्चायतको प्रतिनिधि नापी टोलीको मुकाममा उपस्थित हुनु पर्नेछ र जग्गा नाप जाँच हुँदा उपस्थित भई जग्गाको सांध सीमाना घुमी देखाई नापी गराउनु पर्नेछ।

(३) उप–नियम (२) बमोजिम उपस्थित रहेका व्यक्तिहरूको रोहवरमा नापी टोली प्रमुखले जग्गा नाप जाँच गर्ने व्यवस्था मिलाउनेछ र एक अमीनले सात दिनसम्म नापी गरेको जग्गाको प्रत्येक सात दिनमा अनुसूची १ क बमोजिमको सूचना टांसी ऐनको दफा ६ को उप–दफा (५) को अधीनमा रही नापी भएको जग्गाको प्रमाण हेरी भिडाई सम्बन्धित व्यक्तिको नाममा अनुसूची २ बमोजिमको ढाँचाको क्षेत्रीय किताब (फिल्ड बूक) मा दर्ता गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर अनुसूची १ क बमोजिम प्रकाशित सूचनामा चित्त नबुझ्ने व्यक्तिले सो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र अनुसूची १ ग बमोजिमको ढाँचामा नापी टोली प्रमुखसमक्ष निबेदन दिनुपर्छ।

७. तिरो नतिरी जग्गा भोगेको जग्गाको दर्ता वा जरीवाना गर्ने अधिकारीः– (१) ऐनको दफा ६ को उप–दफा (५) बमोजिम परम्परादेखि दर्ता वा तिरो नभएको जग्गा दर्ता गराउने सिलसिलामा तेरो मेरो र हाल आवादीसम्बन्धी बाहेक अरू कुराको उजूर परेमा कारवाई गर्ने अधिकारी नापी अधिकृत, भूमिसुधार अधिकारी वा भूमि प्रशासक र माल कार्यालयको हाकिम भएको समिति हुनेछ।

(२) उप–नियम (१) बमोजिमको समितिको अध्यक्ष पदमा समान श्रेणीका पदाधिकारीहरू भएमा नापी अधिकृत र विभिन्न श्रेणीका पदाधिकारीहरू भएमा सबभन्दा माथिल्लो श्रेणीका पदाधिकारी रहनेछ।

(३) ऐनको दफा ६ को उप–दफा (६) बमोजिमको दोस्रो पटकको सूचना अनुसूची १ (ख) बमोजिमको ढाँचामा, दर्ता हुन बाँकी रहेका कित्ता नम्बर समेत खोली, प्रकाशित गरिनेछ र सो सूचनामा चित्त नबुझ्ने व्यक्तिले सो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र अनुसूची १ ग बमोजिमको ढाँचामा नापी टोली प्रमुख–समक्ष निवेदन दिनुपर्छ।

(४) ऐनको दफा ६ को उप–दफा (६) बमोजिम जरीवाना गर्ने अधिकारी नापी टोली प्रमुख हुनेछ।

८. दर्तापूर्जा दिइनेः– (१) जग्गा नाप जाँच भै दर्ता स्रेस्ताको काम समाप्त भएपछि नापी अधिकृतले क्षेत्रीय किताब (फिल्डबूक) को आधारमा जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गराई आफ्नो दस्तखत गरी सम्बन्धित जग्गावालालाई जग्गाधनी दर्ता प्रमाणपूर्जा दिनु पर्नेछ।

(२) उप–नियम (१)मा उल्लेखित जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण–पूर्जा अन्य क्षेत्रको लागि क्रमशः अनुसूची ३ र ४ र शहरी क्षेत्रको लागि क्रमशः अनुसूची ३ क र ४ क बमोजिमको ढाँचाको हुनेछ।

(३) ऐनको दफा ८ को उप–दफा (१) को प्रयोजनको लागि उजूरी हेर्ने अधिकारी नापी अधिकृत भएको ठाउँमा नापी अधिकृत र निज नभएको ठाउँमा भूमिसुधार अधिकारी वा भूमि प्रशासक हुनेछ।

(४) उप–नियम (१) बमोजिमको दर्तापूर्जा नपाएकोमा वा दर्तापूर्जा पाएपछि पनि त्यसमा चित्त नबुझी कसैको उजूर परेमा नापी अधिकृत सो जिल्लामा रहँदासम्म नापी अधिकृतले र निज नभएमा भूमिसुधार अधिकारी वा भूमि प्रशासकले त्यस्तो उजूरीउपर छानबीन गरी दर्ता पूर्जा दिनु पर्ने भए दिन वा सच्याउनु पर्ने भए सच्याई अर्को दर्तापूर्जा दिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै जग्गावाला वा निजको प्रतिनिधि दर्तापूर्जा लिन आउँदा निजलाई दर्तापूर्जा दिन नसकिएमा दिन नसकिएको कारण खुलाई निस्सा गरी दिनु पर्नेछ ।

९. जग्गा नाप जाँचको खर्चः– ऐनको दफा ८ बमोजिम कुनै व्यक्तिले आफ्नो निजी प्रयोजनको निमित्त गराइएको जग्गा नाप जाँचको खर्च देहायबमोजिम हिसाब गरी सम्बन्धित व्यक्तिबाट असूल उपर गरिनेछः–

(क) जग्गा नाप जाँच गर्न खटी जाने कर्मचारी र जमीनदारलाई सो जग्गा नाप जाँच गर्न जाँदा लाग्ने समयमा निजहरूले पाउने तलब र भत्ता बराबरको रकम,

(ख) कागज, कलम, मसी, आदिको लागि खण्ड (क) बमोजिमको रकमको पन्ध्र प्रतिशत थप रकम ।

१०. क्षतिपूर्तिको अङ्कः– (१) ऐनको दफा ९ क बमोजिम त्रिकोणमित्तीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्दा प्रयोग गरिएको जग्गाको क्षेत्रफलको समानुपातिक रूपबाट हुन आउने एक वर्षको मालपोत वा भूमि करको पच्चीस दोवरको दरले क्षतिपूर्तिको रकम कायम गरी सो रकमको चार खण्डको तीन खण्ड जग्गावालालाई र एक खण्ड सम्बन्धित जग्गाको मोहीलाई क्षतिपूर्तिको रुपमा दिइनेछ ।

११. शहरी क्षेत्रको जग्गाको किसिमः– ऐनको दफा १० को उप–दफा (२) बमोजिम शहरी क्षेत्रको जग्गाको किसिम नापी अधिकृत, नगर पञ्चायतको प्रतिनिधि र स्थानीय कर कार्यालयका कर अधिकृत भएको समितिले व्यवसायिक क्षेत्र, खरीद बिक्री केन्द्र, औद्योगिक क्षेत्र र आवासीय क्षेत्रहरूमा उपलब्ध शहरी सुविधाको साथै निकट भविष्यमा उपलब्ध हुन सक्ने सुविधालाई ध्यानमा राखी देहायको तरीकाले छुट्याउनेछ ।

(क) खण्ड कः– शहरी सुविधा उपलब्ध भएको व्यवसायिक क्षेत्र (कर्मासियल एरिया) र खरीद बिक्री केन्द्र (शपिंग सेन्टर) भएको जग्गा "खण्ड क" हुन्छ।

(ख) खण्ड ख :– "खण्ड क" को नजिक, शहरी सुविधा उपलब्ध भएको आवासीय र औद्योगिक क्षेत्रको जग्गा "खण्ड ख" हुन्छ ।

(ग) खण्ड ग :– "खण्ड क" भन्दा केही टाढा, शहरी सुविधा उपलब्ध भएको आवासीय र औद्योगिक क्षेत्रको जग्गा "खण्ड ग" हुन्छ।

(घ) खण्ड घः– खरीद बिक्री केन्द्रबाट टाढा, केही शहरी सुविधा उपलब्ध भएको सामान्य व्यवसायिक क्षेत्र र आवासीय क्षेत्रको जग्गा "खण्ड घ" हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) खण्ड ङ :– खरीद बिक्री केन्द्रबाट धेरै टाढा, केही शहरी सुविधा उपलब्ध भएको आवासीय क्षेत्र र सामान्य उपभोगका सामानहरू खरीद बिक्री हुने पसल भएको जग्गा "खण्ड ङ" हुन्छ।

स्पष्टीकरणः– यस नियमको प्रयोजनको लागि शहरी सुविधा भन्नाले टेलिफोन, बिजुली, धारा, यातायातजस्ता आधुनिक शहरी सुविधालाई जनाउँछ र नजिक भन्नाले एक फर्लाङ, केही टाढा भन्नाले दुइ फर्लाङ, टाढा भन्नाले तीन फर्लाङ, र धेरै टाढा भन्नाले चार फर्लाङको दूरीलाई जनाउँछ।

१२. अधिकारीहरूः– (१) ऐनको दफा १२ को उप–दफा (१) बमोजिम पहिलो पटक जरीवाना गर्ने अधिकारी नापी टोली प्रमुख, दोस्रो र तेस्रो पटक जरीवाना वा कैद गर्ने अधिकारी नापी अधिकृत भएको ठाउँमा नापी अधिकृत र निज नभएको ठाउँमा स्थानीय भूमिसुधार अधिकारी वा भूमि प्रशासक हुनेछ।

(२) ऐनको दफा १२ को उप–दफा (२) बमोजिम जरीवाना गर्ने अधिकारी नापी अधिकृत भएको ठाउँमा नापी अधिकृत र निज नभएको ठाउँमा स्थानीय भूमिसुधार अधिकारी वा भूमि प्रशासक हुनेछ।

(३) ऐनको दफा १२ को उप–दफा (४) बमोजिम जरीवाना गर्ने अधिकारी प्रमुख जिल्ला अधिकारी हुनेछ।

तर नोक्सानी भएको रकम, त्रिकोणमित्तीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) पुनः स्थापित गर्दा लाग्ने खर्च र झुट्टा उजूरीबाट हुन गएको खर्चको रकमको निर्धारण निर्देशकबाट हुनेछ।

(४) उप–नियम (१), (२) र (३) बमोजिमको जरीवाना रकम माल कार्यालय वा कोष तहसिल कार्यालयले असूल उपर गर्नुपर्छ।

१३. खारेजीः– जग्गा (नाप जाँच) नियमहरू २०२३ खारेज गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १
(नियम ६ को उप–नियम (१) संग सम्बन्धित)

श्री नं. टोलीबाट जारी भएको सूचना

मिति २० । । । । देखि पञ्चायत . . . . . . . . . . . . . . . भित्रको जग्गा नाप जाँच हुने भएकोले सो पञ्चायतमा जग्गा हुने जग्गावाला वा निजको प्रतिनिधि जग्गा कमाउने मोही, संधियारहरूले आ-आफ्नो हक भोगको निस्सा लिई नापी टोली मुकाममा र आ-आफ्नो जग्गामा नाप जाँच हुँदाको समयमा उपस्थित भई आफ्नो जग्गाको सांध सीमाना घुमी देखाई नापी गराउनु होला र जमीनदार पटवारीले सो पञ्चायतभित्र पर्ने जग्गाको स्रेस्ता लिई र पञ्चायतको प्रतिनिधिसमेत यस टोली मुकाममा उपस्थित हुनु होला । नापी हुने विषयमा अरू जानकारी चाहिएमा वडा वडामा नापी गर्न खटिएको कर्मचारीहरूबाट अथवा नापी टोली मुकाममा आई बुझ्न सक्नु हुनेछ । यो सूचनाबमोजिम उपस्थित नभए प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

अनुसूची – १क.
(नियम ६ को उप–नियम (३) संग सम्बन्धित)
श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . नापी गोश्वारा
. . . . . . . . . . . . . . . . . . . . . . नापी टोलीले प्रकाशित गरेको सूचना ।

मिति २० । । । । देखि पञ्चायत वडा नं. को नाप नक्शा गर्दा जग्गाधनीहरूले वा सांध संधियारहरूले देखाएबमोजिम नाप नक्शा हुँदा देहायका व्यक्तिहरूको नापको देहायबमोजिम कित्ताहरू यस नापी टोलीबाट नापी भएअनुसार जग्गाधनी र मोहीको नामावली प्रकाशित गरिएको छ । कसैको चित्त नबुझेमा यस टोलीमा सात दिन–भित्र अनुसूची १ ग बमोजिमको ढाँचामा लिखित निवेदन गर्नु होला । अन्यथा यसैलाई ठीक मानी जग्गा दर्ता गरिनेछ ।

| जग्गाधनी-को नाम, थर र वतन | जग्गाधनीको बाबुको नाम | मोहीको नाम थर र वतन | कित्ता | क्षेत्रफल | किसिम | जग्गाधनीको हक हिस्सा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१ ख.

(नियम ७ को उप-नियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

नापी गोश्वारा

... ... ... ... ... ... ... ... ... नापी टोलीबाट जारी गरिएको सूचना

मिति ... ... ... देखि ... ... ... पञ्चायतको नाप जाँचको काम शुरु भएकोमा ऐनको दफा ६ उप-दफा (१) बमोजिम सूचना गर्दा पनि आफ्नो सबूद प्रमाणसाथ जग्गाधनीहरूले दर्ता गराउन नआएकोले वडा नं. मा देहायबमोजिमका कित्ताहरूको जग्गाधनी थाहा नभई क्षेत्रीय किताब (फिल्ड बूक) खाली रहेकोले सम्बन्धित कित्ताका जग्गाधनीहरूले आफ्नो सबूद प्रमाणसाथ आफै उपस्थित भई वा आफ्नो प्रतिनिधि पठाई दर्ता गराउ होला दर्ता गराउन जग्गाधनी उपस्थित नभई अथवा प्रतिनिधि पनि नपठाई कित्ता खाली रहेमा, जमीनदार, पटवारीको श्रेस्ताबाट देखिएसम्मका जग्गाको कित्ता सम्बन्धमा निजहरूले प्रमाणित गरेको व्यक्तिको नाउँमा दर्ता गरी दर्तापूर्जा तयार गरिनेछ। र अन्य कित्ताहरूको हकमा ऐलानी जनिनेछ।

| कि. नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|

अनुसूची–१ ग.

(नियम ६ को उप-नियम (३) तथा नियम ७ को उप-नियम (३) संग सम्बन्धित)

श्री ... ... ...

... ... ...

... ... ...

विषयः– भूलसुधार गरी दर्ता गरी पाउँ।

महोदय,

... ... ... ... ... ... ... ... ... ... ... नगर। गाउँ, पञ्चायतको नाप नक्शा ... ... नं. नापी टोलीबाट भई मिति २० । । । मा प्रकाशित अनुसूचि १ क मा मेरो निम्न कित्ताहरूमा निम्नबमोजिम हुनु पर्नेमा सो नभई भूल भएकोले सुधार गरी मेरा नाउँमा दर्ता गरी पाउन रू. १।–को टिकट टाँसी निवेदन गर्दछु।

| पञ्चायत | वार्ड नं. | कित्ता नं. | भूल भएको कुरा | तयार हुनुपर्ने। |
|---|---|---|---|---|
| | | | | |

माथि उल्लेखित व्यहोरा झुट्ठा सावित ठहरे सजायको भागी हुनेछु।

निवेदक,

निवेदकको सहीः–

नाम, थरः–

ठेगानाः–

बाबुको नामः–

मितिः– २० । । । । बाजेको नामः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि–१घ

(नियम ३ को उप–नियम (४) संग सम्बन्धित)

यस गाउँ । नगर पञ्चायत वडा नं. को निम्न उल्लेखित किसिम, जग्गा (नाप जाँच) ऐनको दफा १० को उप–दफा (१) को देहायबमोजिम परिभाषाको आधारमा निम्नबमोजिमको ब्लक ब्लकमा निम्नबमोजिमको किसिम कायम गरिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

परिभाषा:–

घनहर वा खेत

- अवल– (१) धान रोप्ने वा छर्ने गरेको सदासर्वदा कुलो पानी लाग्ने बालुवा र ढुंगो नमिसिएको सबैभन्दा असल रसिलो माटो भई दुइ बाली लाग्न सक्ने जग्गा अवल हुन्छ ।
- दोयम (२) संधैं कुलो पानी नलाग्ने वर्षातको कुलो लागी रोपिने, बालुवा र ढुंगो नमिसिएको असल माटो भई दुइ बाली लाग्न सक्ने जग्गा दोयम हुन्छ ।
- सिम:– (३) कुलो पानी र मल नलागी आकाशबाट परेको पानीको भरले रोपिने केही बालुवा मिसिएको माटो भई एक बाली मात्र लाग्न सक्ने जग्गा सिम हुन्छ ।
- चाहार:– (४) बलौटो ढुंगा सुख्खा माटो भएको आकाशबाट परेको पानीको भरले मात्र रोपिने, पानी चाँडै सुक्ने टारी, कान्ला परेको एक बाली मात्र लाग्न सक्ने वा धेरै समय पानीले छोपी कुनै कुनै सालमा धान हुन सक्ने जग्गा चाहार हुन्छ ।

भीट वा पाखो

- अवल:– (१) असल मलिलो माटो भई धान नलागी धैया, मकै, कोदो, तोरी, सर्स्यु र त्यस्तो किसिमका फसल लाग्ने जग्गा भीट वा पाखो अवल हुन्छ ।
- दोयम:– (२) बालुवा ढुंगा मिसिएको कमसल माटो भीर पहिरो भएको र हरसाल फसल नभई कुनै एक दुइ साल बिराई धान नलागी मकै, कोदो, तोरी, धैया, सर्स्यु र त्यस्तै किसिमका अरू फसल लाग्ने जग्गा भीट वा पाखो दोयम हुन्छ ।
- सिम:– (३) बलौटे ढुंगे माटो भएको वा हल चल्न नसक्ने भीर पहिरो भएको र हरसाल फसल नभई एक दुइ साल बिराई धान नलागी मकै, कोदो, तोरी, धैया, सर्स्यु र त्यस्तै किसिमको अरू फसल लाग्ने वा केही समय हिउँले ढाकिने जग्गा भीट वा पाखो सिम हुन्छ ।
- चाहार:– (४) सार्वजनिक चरणबाहेक खर लगाउने वा वस्तु चर्न राखेको जग्गा भीट वा पाखो चाहार हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

385

| ब्लक संख्या | विवरण (उदाहरणको लागि) | ब्लक चौहद्दी | कैफियत |
|---|---|---|---|
| १. | धनहर अवल | पूर्व....पश्चिम...उत्तर....दक्षिणको.... विगहा/रोपनी | जम्मा ब्लक २ को जम्मा |
| २. | धनहर दोयम | पूर्व...... पश्चिम... उत्तर.... दक्षिणको...... ,, ,, | रोपनी...... |
| १. | भीट अवल | पूर्व.... पश्चिम... उत्तर..... दक्षिणको...... " " | ब्लक १ को जम्मा |
| २. | भीट दोयम | पूर्व.... पश्चिम... उत्तर... दक्षिणको..... " " | ब्लक १ को जम्मा |

माथि उल्लेखित ब्लक ब्लकको किसिम ट्रेस साथै छ उक्त किसिम ट्रेस हामीहरूको रोहवरमा एकीन गरिएको ठीक मनासिब छ।

रोहवरमा उपस्थितिः– अन्य व्यक्तिः–

१. पञ्चायत सदस्य १.........

२. नापी निरीक्षक २.........

३. भूमिसुधार वा भूमि प्रशासन कार्यालयको सदस्य (सम्भव भए) ३.........

४. अमीन

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

नापी फर्म नं. १

अनुसूची–२
(नियम ६ को उप–नियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय

## क्षेत्रीय किताप

| कि· नं. | किसानको | | जग्गावालाको | | चौहद्द | | | | बिरह | किसिम | धनहर वा खेत | | | भिट वा पाखा | | | नापी भएको मिति | प्रमाण संकेत हक देखाउने लिखित राजिनामा अदालतको फैसला इत्यादि | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहिछाप | नाम, थर, वतन | सहि–छाप | नाम, थर, वतन (बाबुको नाम) | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | बिघहा वा रोपनी | कठ्ठा वा आना | धुर वा पैसा दाम | बिघहा वा रोपनी | कठ्ठा वा आना | धुर वा पैसा दाम | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

गाउँ वा नगर पञ्चायत सदस्यको सहिछाप    निरीक्षकको सहिछाप    टोली प्रमुखको सहिछाप    अमिनको सहिछाप

३२९    २ फुरुमा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्वे फाराम नं. ३

पाना नं.

अनुसूची – ३

(नियम ८ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

# जग्गाधनी दर्ता श्रेस्ता

जग्गाधनीको नाम, थर ... ... ... ... उमेर ...

जग्गाधनीको वतन... ... ... ... ... ... ... ...

जग्गाधनीको बाबुको नाम र सम्भव भए बाजेको समेत

अञ्चल ... ... ... जिल्ला ... ... ... ...

पञ्चायत ... ... ... ...

| कैफियत |
|---|
| जम्मा क्षेत्रफल |

| प्रमाण संकेत साबिक नम्बर राजिनामा अदालतको फैसलाइत्यादि | वार्ड | कित्ता नम्बर | विवरण आवादी, पर्ती, पोखरी इत्यादि | जग्गाधनीको हकहिस्सा | मोहीको नाम, थर, वतन र नम्बर र भए सोससमेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नाम समेत | जग्गाको किसिम र क्षेत्रफल: धनहर वा खेत (बिगहा, रोपनी) वर्गमिटर | | | | भिट वा पाखो (बिगाहा, रोपनी) वर्गमिटर | | | | मालपोत | सहिछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अव्वल | दोयम | सिम | चाहार | अव्वल | दोयम | सिम | चाहार | | |
| | | | | | जम्मा अगाडि लगेको | | | | | | | | | | |

342

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं.३ क

पाना नं.

अनुसूची ३ क

(नियम ८ को उप–नियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

कैफियत ... ... ... ... ...

जम्मा क्षेत्रफल

जग्गाधनीको नाम, थर ... ... ... ... ... उमेर....

जग्गाधनीको वतन... ... ... ... ... ...

जग्गाधनीको बाबुको नाम र सम्भव भए बाजेको समेत

... ... ... ... ... ... ... ...

अन्चल ... ... .... .... जिल्ला... ... ...

पन्चायत ... ... ... .... .....

# जग्गाधनी दर्ता श्रेस्ता

| प्रमाण संकेत साबिक नम्बर राजिनामा अदालतको फैसला इत्यादि | वार्ड | कित्ता नम्बर | विवरण आवादी, पर्ती, पोखरी, इत्यादि | जग्गा–धनीको हक हिस्सा | मोहीको नाम, थर, वतन र नम्बर र भए सोसमेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नाम समेत | शहरी जग्गाको किसिम र क्षेत्रफल (बिगहा, रोपनी) वर्गमिटर | | | | | मालपोत | सहिछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खण्ड 'क' | खण्ड 'ख' | खण्ड 'ग' | खण्ड 'घ' | खण्ड 'ङ' | | |
| | | | | | जम्मा अगाडि लगेको | | | | | | | |

३२३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४

(नियम ८ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

सर्भे फाराम नं.४

खाता नं.

जग्गाधनीको नाम, थर ... ... ... ... ... ... उमेर

जग्गाधनीको वतन ... ... ... ... ... .... ... ... ...

जग्गाधनीको बाबुको नाम र सम्भव भए बाजेको समेत

... .... ... .... ... ....... ... ... ....

... ... ... ... ... ... ...

अञ्चल ... ... ... जिल्ला ... ... ...

पञ्चायत ... ... ... ... ... ... ...

# जग्गाधनी दर्ता प्रमाणपूर्जा

जम्मा क्षेत्रफल

| प्रमाण संकेत साबिक नम्बर राजिनामा अदालतको फैसला इत्यादि | वार्ड | कित्ता नम्बर | विवरण आबादी, पर्ती, पोखरी, इत्यादि | जग्गाधनीको हकहिस्सा | मोहीको नाम, थर, बतन र नम्बर र भए सोसमेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नाम समेत | जग्गाको किसिम र क्षेत्रफल | | | | | | | | मालपोत | सहीछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | धनहर वा खेत (बिगहा, रोपनी) वर्गमिटर | | | | भिट्ठा वा पाखो (बिगहा, रोपनी) वर्गमिटर | | | | | |
| | | | | | | अव्वल | दोयम | सिम | चाहार | अव्वल | दोयम | सिम | चाहार | | |
| | | | | | जम्मा अगाडि लगेको | | | | | | | | | | |

324

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं.४ क

पाना नं.

अनुसूची ४ क

(नियम ८ को उप–नियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

जग्गाधनीको नाम, थर........................ .... ठेगाना.....

जग्गाधनीको बतन ... ... ....... .... ....

जग्गाधनीको बाबुको नाम र सम्भव भए बाजेको समेत

... .... ... .... ... ... ... ... ... ... ... ...

अञ्चल... ... ... .... .... जिल्ला .... .... ....

पञ्चायत... .... .......... .... ...

# जग्गाधनी दर्ता प्रमाणपूर्जा

जम्मा क्षेत्रफल

| प्रमाण संकेत साबिक नम्बर राजिनामा अदालतको फैसलाइत्यादि | वार्ड | कित्ता नम्बर | विवरण आवादी, पर्ती, पोखरी, इत्यादि | जग्गा–धनीको हक हिस्सा | मोहीको नाम, थर, वतन र नम्बर र भए सोसमेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नाम समेत | शहरी जग्गाको किसिम र क्षेत्रफल (विगहा, रोपनी) वर्गमिटर | | | | | मालपोत | सहिछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खण्ड 'क' | खण्ड 'ख' | खण्ड 'ग' | खण्ड 'घ' | खण्ड 'ङ' | | |
| | | | | | | | | | | | | |
| | | | | | जम्मा अगाडि लगेको | | | | | | | |

आज्ञाले–

बासुदेव प्याकुरेल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

322

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।